मन्थली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मन्थली, रामेछाप
बागमती प्रदेश, नेपाल

## मिति २०८० साउन ११ गते बसेको मन्थली नगरपालिकाको कार्यपालिकाको पन्ध्रौ वैठकका निर्णयहरु

### निर्णय नं. १

जिल्ला दररेट निर्धारण समितिले आ.व. २०८०/८१ को लागि निर्धारण गरेको दररेटलाई अनुमोदन गरी कार्यान्वयनमा लैजाने ।

### निर्णय नं. २

मन्थली नगरपालिकाबाट आ.व. २०८०/८१ मा विनियोजित रकमबाट सञ्चालन हुने योजनाहरु देहाय बमजिमका विधीबाट सञ्चालन गर्ने ।

क) पच्चिस लाख रुपैया भन्दा वढीका सबै योजनाहरु ठेक्का बन्दोवस्तीबाट कार्यान्वयन गर्ने ।

ख) पच्चिस लाख रुपैया भन्दा कम भएता पनि प्राविधिक रुपमा जटिलता देखिएका योजनाहरु आवश्यकताका आधारमा ठेक्का बन्दोबस्तीवाट कार्यान्वयन गर्ने ।

ग) पच्चिस लाख भन्दा कमका सरल प्रकृतिका योजनाहरु उपभोक्ता समितिबाट सञ्चालन गर्ने ।

### निर्णय नं. ३

मन्थली नगरपालिका क्षेत्रभित्र सञ्चालित स्वास्थ्य संस्थाहरुको आ.व. २०७९/८० को लेखा परीक्षण गराउने जिम्मेवारी नगरपालिकाका आन्तरिक लेखा परीक्षक श्री निरोज कुमार खड्कालाई प्रदान गर्ने ।

### निर्णय नं. ४

मन्थली नगरपालिकाका वरिष्ठ लेखा अधिकृत अनन्त सापकोटाको अध्ययन विदा स्वीकृतिका लागि मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय वागमती प्रदेशमा सिफारिस गर्ने ।

### निर्णय नं. ५

मन्थली नगरपालिकाको प्रधानाध्यापक व्यवस्थापन कार्यविधि २०७९ मा देहाय बमोजिमको प्रावधान थप गर्ने संशोधन प्रस्ताव पारित गर्ने ।

१. *दफा ६ मा उल्लेखित मूल्याँकनका सबै प्रक्रिया पुरा गरी न्यूनतम ४५ अंक प्रास गर्ने शिक्षकलाई प्रधानाध्यापक नियुक्तिका लागि सिफारिस गरिनेछ ।*

२०८०।४।१२

मन्थली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मन्थली, रामेछाप
बागमती प्रदेश, नेपाल

निर्णय नं. ६

मन्थली नगरपालिकाका निर्माण हुन बाँकि वडा कार्यालयहरुको नयाँ भवन निर्माणको लागि जग्गा धनी प्रमाण पुर्जा र चालकिल्ला प्रमाणित सहित सिफारिस उपलब्ध गराउन सम्बन्धित वडा कार्यालयहरुलाई निर्देशन दिने।

निर्णय नं. ७

परामर्शदाताले तयार पारेको मन्थली नगरपालिकाको भू-उपयोग मापदण्ड २०८० मा वडा कार्यालयबाट प्राप्त सुझाव समेटी परिमार्जन सहित स्वीकृत गरी कार्यान्वयनमा लैजाने।

निर्णय नं. ८

भवन निर्माण अनुमति तथा अभिलेखिकरणका लागि देहाय बमोजिमको प्रक्रिया अवलम्वन गर्ने ।

१. मन्थली नगरक्षेत्रभित्र भवन निर्माण गर्ने निर्माण अनुमति लिएका तर अनुमति लिएको चार वर्ष अवधी व्यतित गरी मापदण्ड अनुरुप नै भवन निर्माण सम्पन्न भएका भवनहरुको हकमा तोकिएको नक्शा पास दस्तुरको शत प्रतिशत थप दस्तुर लिई निर्माण सम्पन्न प्रमाण पत्र प्रदान गर्ने ।

२. भवन निर्माणका सम्पूर्ण मापदण्ड बमोजिम निर्माण भएका तर भवन निर्माणका लागि अनुमति नलिएका भवनहरुको हकमा नक्शा पास दस्तुरको तीन गुणा दस्तुर लिई नक्शा नियमित गर्ने ।

३. भवन निर्माण मापदण्ड पालना निर्माण नगरी निर्माण भएका तर घर निर्माण गर्दा सार्वजनिक जग्गा, सडक, बाटो, सिंचाई कुलो, ताल तलैया, पोखरी, खोला नदीको वहाव क्षेत्र अतिक्रमण नगरेका र घर निर्माणका सम्बन्धमा उजुरी परी फस्योँट हुन बाँकि रहेका भन्दा वाहेक अन्य भवनहरुको अभिलेखिकरण गर्दा नक्शा पास दस्तुरको चार गुणा दस्तुर लिई नक्शा नियमित गर्ने ।

निर्णय नं. ९

वागमती प्रदेश सरकारको लागत साझेदारीमा मनपा १ सानीमदौमा निर्माण भएको चिस्यान केन्द्रमा घेरावार, प्रशासनिक भवन, पार्किङ्ग लगायतका संरचना बन्न बाँकि रहेकाले ती संरचना निर्माणका लागि आवश्यक सहयोग उपलब्ध गराउन वागमती प्रदेशको सम्बन्धित मन्त्रालयमा अनुरोध गर्ने ।

२०८०।८।१२
हरिप्रसाद ... प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं. १०

बागमती प्रदेश सरकारको लगानीमा मनपा २ मा निर्माणाधिन कभर्ड हलको बाँकि काम समयमा नै सम्पन्न गर्न सम्बन्धित प्रदेश मन्त्रालयमा अनुरोध गर्ने ।

निर्णय नं. ११

मन्थली नगरपालिकामा सञ्चालनमा रहेका सामुदायिक विद्यालयका विद्यालय व्यवस्थापन समितिको बैठकमा सम्बन्धित विद्यालयका पूर्व विद्यार्थी समाजका अध्यक्षलाई आमन्त्रित सदस्यको रुपमा सहभागी गराउने ।

निर्णय नं. १२

मन्थली नगरपालिकाबाट आ.व. २०७९/८० मा सम्पादित कार्यको वार्षिक समीक्षा मिति २०८० साउन ३० गते नगरपालिकाको सभा हलमा आयोजना गर्ने ।

निर्णय नं. १३

मन्थली नगरक्षेत्रभित्र व्यक्तिको नाममा भएका जग्गामा निर्माण भई सञ्चालनमा रहेका सडकको लगत कट्टा गर्ने प्रक्रिया अगाडि वढाउन सम्बन्धित निकायको ध्यानाकर्षण गराउने ।